## प्रेस विज्ञप्ती

मिति २०७७/०८/२४ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री लिलानाथ श्रेष्ठ समक्ष नेपालका लागि युरोपियन युनियनका महामहिम राजदुत एवम् Head of Delegation Mrs. Nona Deprez ले शिष्टाचार भेट गर्नुभयो । उक्त अवसरमा माननीय मन्त्रीज्यूले महामहिम राजदुतको सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

भेटघाटका क्रममा माननीय मन्त्रीज्यू र महामहिम राजदुतबीच लैङ्गिक समानता, महिला सशक्तिकरण एवं बालबालिकाको हित अभिवृद्धिको लागि द्विपक्षीय चासोको विषयमा छलफल भयो । माननीय मन्त्रीज्यूले युरोपियन युनियनबाट नेपालको आर्थिक, सामाजिक तथा पूर्वाधार विकास एवं लैंगिक हिंसा निवारणको क्षेत्रमा पुऱ्याएको योगदानप्रति आभार व्यक्त गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको हकहितको लागि थप सहकार्य गर्न सकिने धारणा राख्नु भयो । त्यसैगरी महामहिम राजदुतले महिला तथा बालबालिकाको हितको क्षेत्रमा युरोपियन युनियनको सदा साथ र सहयोग रहने कुरा व्यक्त गर्दै आगामी दिनमा महिलाको आर्थिक सशक्तीकरण, लैंगिक समानता, अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण तथा ज्येष्ठ नागरिकको व्यवस्थापन लगायतका क्षेत्रमा दुबै देशले सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।सो अवसरमा माननीय मन्त्रीज्यूले नेपालको संविधान बमोजिम तीनै तहको निर्वाचन सम्पन्न भई मुलुक संघीय संरचनामा प्रवेश गरी राजनैतिक स्थिरता कायम भएको र मुलुक आर्थिक समृद्धिको दिशादर्फ अघि बढेको सन्दर्भमा युरोपियन युनियनबाट सदाझै निरन्तर सहयोग प्राप्त हुने अपेक्षा समेत व्यक्त गर्नुभएको थियो । साथै दुवै पक्षबाट नेपाल सरकार र युरोपियन युनियनबीचको सुमधुर सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिवद्धता व्यक्त भएको थियो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार

मिति: २०७७/८/२४